# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८
## धनकुटा नगरपालिका
## धनकुटा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu,

**प्रदेश नं. १ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः २०७८।७९

च. नं. १४० मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिबेदन ।

श्री नगर प्रमूखज्यू,
धनकुटा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, धनकुटा ।

नेपालको संबिधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक बर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिबेदन जारी गरीएको छ । उक्त प्रतिबेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागी अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ३गते

महालेखापरीक्षक(

महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रदेश नं. १ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः २०७८।७९ मितिः २०७८।५।४

च.नं १३९

श्री नगर प्रमूखज्यू,
धनकुटा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय, धनकुटा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले धनकुटा नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससंग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानुन र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिवरण तयार गरेको छैन ।

२. लेखापरिक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७८।२।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. १ करोड ९१ लाख १९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५८ लाख १ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५४ लाख ४७ हजार, नियमित गर्नुपर्ने रु.५१ लाख ४० हजार, र पेश्की बाँकी रु. २७ लाख ३१ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले

काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालीका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**धनकुटा नगरपालिका,धनकुटा**

**लेखापरीक्षण प्रतिबेदन**

**आर्थिक बर्ष :२०७६/०७७**

**परिचय**– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, ११०.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४१५६ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम धनकुटा नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन ऐन अनुसा भएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

एकीकृत आर्थिक कारोबारको स्थिति

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा रकम | | विवरण | रकम | जम्मा रकम |
| १ | **गत वर्षको बैंकमौज्दात** | | ५७८४३२१८.१३ | १ | **वित्तिय व्यवस्था तर्फ** | १४५७८४८.७३ | **१,४५७,८४८.७३** |
| १.१ | संचित कोष खाता | २००१४४६८.६१ | | २ | **धनकुटा नगरपालिका चालुखर्च** | | **११९,४६३,९८१.२६** |
| १.२ | पुँजिगत खाता | १७८५३७६३.४९ | | २.१ | प्रदेश सरकार राजस्वबाँडफाँड फिर्ता | | (१,०२४,०३६.००) |
| १.३ | चालु खाता | ४९७३५७२.०३ | | ३ | **धनकुटा नगरपालिकापुँजिगत खर्च** | १८३७९९०९९.८२ | १८३,७९९,०९९.८२ |
| १.४ | कर्मचारी कल्याणकोष | ५७९२८७६.३१ | | ३.१ | प्रकोपमा भएको रकम-समायोजन | १३९९४११९.९४ | (१३,९९४,११९.९४) |
| १.५ | मर्मत संभार कोष | १३६३६६३.५९ | | ३.२ | कन्टिन्जेन्सि रकम-समायोजन | १६४४१६४ | (१,६४४,१६४.००) |
| १.६ | मानव संसाधन विकास कोष | ३३४० | | ३.३ | मर्मत संभार कोष-समायोजन | १४७३७८० | (१,४७३,७८०.००) |
| १.७ | वातावरण कोष | २२५६९८.७४ | | ३.४ | कन्टिन्जेन्सि खर्च-समायोजन | ६६३५०० | (६६३,५००.००) |
| १.८ | स्थानीय प्रकोपव्यवस्थापन कोष | १०६५५.६४ | | ४ | संघिय सरकार शसर्तअनुदान चालु | | २०५,४३४,३९४.९४ |
| १.९ | धरौटी खाता | ७२०१७४३.७० | | ५ | संघिय सरकार शसर्तअनुदान पुँजिगत | | ४३,७९१,२७५.०० |
| १.१० | जाँचपास कोष | ३७०३६०.०२ | | ६ | संघिय सरकार विशेषअनुदान पुँजिगत | | ९,७८९,७८७.०० |
| १.११ | पुरानो मुल कोष | ३३०७६ | | ७ | प्रदेश सरकार शसर्तअनुदान चालु | | ७,१८३,७२५.०० |
| २ | **राजस्व प्राप्ती** | | १०२९३५७२२.८७ | ८ | प्रदेश सरकार विशेषअनुदान चालु | | ८४२,७५०.०० |
| २.१ | आन्तरिक राजस्व | २६०१४१९१.८२ | | ९ | प्रदेश सरकार विशेषअनुदान पुँजिगत | | ५,७९७,२७१.०० |
| २.२ | संघीय सरकार राजस्वबाँडफाँड | ५९९९३१५९.१० | | १० | प्रदेश सरकार शसर्तअनुदान पुँजिगत | | ४५,८५७,२८९.०० |
| २.३ | संघबाट रोयल्टिप्राप्त | ६५८६ | | ११ | प्रदेश सरकार अनुदानफिर्ता | | ४५३,९६५.०० |
| २.४ | प्रदेश सरकार राजस्वबाँडफाँड | १३५६५७८८.३७ | | १२ | प्रदेश सरकार राजस्वबाँडफाँड फिर्ता | | १,०२४,०३६.०० |
| २.५ | अन्य आय | २५४०३१३.८७ | | १३ | **कोष तर्फको खर्च हिसाव** | | **५,२७७,६३३.००** |
| २.६ | विविध आम्दानि | ९१५६८३.७१ | | १३.१ | कर्मचारी कल्याणकोष | १२५४३२१.०० | |
| ३ | **संघीय सरकारबाटप्राप्त अनुदानहरु** | | ४१३६२१०००.०० | १३.२ | मर्मत संभार कोष | ४०२३३१२.०० | |
| ३.१ | संघीय सरकार ससर्तअनुदान | २६७५२१००० | | १३.३ | मानव संसाधन विकास कोष | ०.०० | |
| ३.२ | संघीय सरकार समानिकरणअनुदान | १३११००००० | | १३.४ | वातावरण कोष | ०.०० | |
| ३.३ | संघीय सरकार विशेषअनुदान | १५००००० | | १४ | **स्थानीय प्रकोपव्यवस्थापन कोष** | | **१४,३३४,००१.००** |
| ४ | **प्रदेश सरकारबाटप्राप्त अनुदानहरु** | | ७७५३००००.०० | १४.१ | चालु खर्च तर्फ | ९३३५५०१.०० | |
| ४.१ | प्रदेश सरकार शसर्तअनुदान | ५३१३५००० | | १४.२ | पुँजिगत खर्च तर्फ | ४९९८५००.०० | |
| ४.२ | प्रदेश सरकार समानिकरणअनुदान | ७३९५००० | | १५ | **धरौटी खाता** | ३४३९८६३.१३ | **३,४३९,८६३.१३** |
| ४.३ | प्रदेश सरकार विशेषअनुदान | ७०००००० | | १६ | **जम्मा बैंक मौज्दात** | | **४४,११९,४४४.२०** |
| ४.४ | प्रदेश सरकार समपुरकअनुदान | १००००००० | | १ | संचित कोष खाता | ३०५२६०४.४५ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | **PLGSP बाटप्राप्त** | | ३६०९०७.५० | २ | वित्तिय व्यवस्था | ४२१५१.२७ | |
| ६ | **ग्रामिण उद्यम तथाविप्रेषण आयोजना** | | १०३०००० | ३ | चालु खर्च खाता | २२१५६७२१.३६ | |
| ७ | **करुणा फाउण्डेशन नेपाल** | | ५००००० | ४ | पुँजिगत खर्च खाता | १५२१६०४.६७ | |
| ८ | **सडक बोर्ड नेपाल** | | ५७००००० | ५ | कर्मचारी कल्याणकोष | ४५३८५५५.३१ | |
| ९ | **जनसहभागिता** | | २४७२८०० | ६ | मर्मत संभार कोष | ३५२८८८१.५९ | |
| १० | **स्थानीय प्रकोपव्यवस्थापन कोष** | | | ७ | मानव संसाधन विकास कोष | ३३४०.०० | |
| १०.१ | यस आर्थिक वर्षकोआम्दानी | १४८५०५१६.९४ | | ८ | वातावरण कोष | २२५६९८.७४ | |
| १०.२ | कोषमा गएको हिसावसमायोजन | १३९९४११९.९४ | ८५६३९७ | ९ | स्थानीय प्रकोपव्यवस्थापन कोष | ५२६,१७१.५८ | |
| ११ | **धरौटी खाता** | ३३७०१८९.५९ | | १० | धरौटी खाता | ८१२०२७९.२१ | |
| ११.१ | **धरौटी Bank Voucher प्राप्त नभएको** | ९३८३१५.०५ | ४३०८५०४.६४ | ११ | जाँचपास कोष | ३७०३६०.०२ | |
| १२ | **मर्मत संभार कोष** | ६१०८२१४ | ६१०८२१४ | १२ | पुरानो मुल कोष | ३३,०७६.०० | |
| १३ | **अन्तरसहकारीहस्तान्तरण अख्तियारिबाट** | | ९०९५९८३४.३४ | १३ | **अन्तरसहकारीहस्तान्तरण अख्तियारिबाट** | | **९०,९५९,८३४.३४** |
| १ | सामाजिक सुरक्षा | ७४४५८१०० | | १ | सामाजिक सुरक्षा | ७४४५८१००.०० | |
| २ | गरिवसँग विश्वेश्वरकार्यक्रम | ४५१९१४ | | २ | गरिवसँग विश्वेश्वरकार्यक्रम | ४५१९१४.०० | |
| ३ | स्थानीय विकाससाझेदारी कार्यक्रम | १३१६५४९० | | ३ | स्थानीय विकाससाझेदारी कार्यक्रम | १३१६५४९०.०० | |
| ४ | राष्ट्रिय परिचय पत्रतथा पञ्जिकरण | ९८९४३०.३४ | | ४ | राष्ट्रिय परिचय पत्रतथा पञ्जिकरण | ९८९४३०.३४ | |
| ५ | राष्ट्रिय परिचय पत्रतथा पञ्जिकरण | २०६०००.०० | | ५ | राष्ट्रिय परिचय पत्रतथा पञ्जिकरण | २०६०००.०० | |
| ६ | स्थानीय तह प्रशासनिकभवन निर्माण | १६८८९००.०० | | ६ | स्थानीय तह प्रशासनिकभवन निर्माण | १६८८९००.०० | |
| **जम्मा रकम** | | | ७६४२२६५९८.४८ | **जम्मा रकम** | | | ७६४,२२६,५९८.४८ |

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७ | | |
| | **असुलीको स्थितिः-** लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदन जारी पश्चात रु ९७९३१। असुली भएको छ । | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि सबै आर्थिक कारोवारको लेखांकन हुने गरी प्रविष्ट गरेको पाइएन । | |

| कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७ | | |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
| | त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी पालिकाले आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा तयार गरेको पाईएन । यसरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन नगर्दा देहायका बिषयहरुमा कमी कम्जोरी देखिन गएको छ ।<br>• कार्यालयको श्रेष्ता र वैक वीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । | |

| कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७ | | |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
| | • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• पदाधिकारीहरुलाई मासिक अनुगमन प्रतिवेदन संलग्न नगरी अनुगमन सुबिधा खर्च लेख्ने गरेको देखियो ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ र प्रशासनिकतर्फ समेत ८७ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा सबै पदपूर्ती भएका छन् भने स्वीकृत दरबन्दी भन्दा बाहेक सेवा करारमा ३९ जना कर्मचारीहरु कार्यरत छन् । साथै अन्य कार्यालयबाट कामकाजमा आएका ४ जना र १३ जना सामाजिक परिचालिकाहरु समेत कार्यरत रहेका छन् । पालिकाले संगठन एवं व्यवस्थापन सर्वेक्षण गरी आफूलाई आवश्यक दरबन्दी एकिन गर्नुपर्दछ ।<br>• तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले तलवी प्रतिवेदन पारित गरेको पाइएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ३. | **बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट उपर छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले २०७६/०३/९ गते सभा समक्ष बजेट पेश गरेकोमा २०७६/०३/२३ मा पारित भएको छ । | |
| ४. | **चौमासिक पूँजीगत खर्च—** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय अनुसार छ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक |

कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| | कूल खर्चः | १८३७९९०९९.८२ | ५०६७२६५५.२० | ५१८०७२७४ | ८१३१९१७०.६२ |
| | खर्च प्रतिशत | १०० | २७ | २८ | ४५ |

चौमासिक पूँजीगत खर्चको स्थिति बिश्लेषण गर्दा कुल खर्चको ४५ प्रतिशत खर्च अन्तिम चौमासिकमा मात्र गरेको देखियो । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अन्तिम चौमासिकमा अधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

५. **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धी व्यवस्था छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्षको फछ्यौट गर्न बाँकी नरहेको र यो बर्ष कुल ६० विवाद दर्ता भएकोमा ५६ फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

**समानीकरण अनुदान चालुतर्फः**

६. **कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ८५ जना कर्मचारीहरु करारमा राखी रु.१७८५६६८२.८४ खर्च लेखेको छ । पालिकाले आफ्नो संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी एकिन गर्नुपर्दछ ।

७. **सल्लाहकारः** गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७५ को दफा ३ को सुबिधा सम्बन्धी व्यवस्थामा पदाधिकारीले कानुनी सल्लाहकार, प्रेस सल्लाहकार र राजनीतिक सल्लाहकार राख्न सकिने व्यवस्था छैन । नगरपालिकाले देहाय अनुसार कानुनी सल्लाहकार, प्रेस सल्लाहकार र राजनीतिक सल्लाहकार राखी यस बर्ष निजहरुको तलव भत्ता सुविधा वापत रु.५४४००० .खर्च भुक्तानी गरेकोले उक्त खर्च नियम सम्मत नदेखिएको रु. — बेरुजू रकम: ५४४०००

| पद | कर्मचारीको नाम | रकम (कर बाहेक) |
|---|---|---|
| कानुनी सल्लाहकार | दिनेश पौडेल | २७६२५० |
| राजनीतिक सल्लाहकार | नरेन्द्र पोखरेल | १६५७५० |
| प्रेस सल्लाहकार | सोबिस चेम्जोङ्ग | १०२००० |
| जम्मा | | ५४४००० |

८. **समायोजन ग्रेडः** कर्मचारी समायोजन ऐन २०७५ को दफा ७(४) मा पाँच बर्ष भन्दा कम सेवा अवधि भएका कर्मचारी समान तहमा समायोजन हुँदा खाइपाई आएकोमा दुई ग्रेड थप दिने र पाँच बर्ष वा पाँच बर्ष भन्दा बढी सेवा अवधि भएका कर्मचारीको हकमा एक तह माथि समायोजन गर्ने कुरा उल्लेख छ । यस कार्यालयले एक तह माथि तह बृद्धि सहित समायोजन भएका निम्न कर्मचारीलाई खाइपाई आएको तलब भत्तामा घटी नहुने गरी हिसाव गर्दा दुई ग्रेड मात्र थप पाउनेमा पाँच ग्रेड थप गरी तलब भत्ता भुक्तानी दिएकोले बढी भुक्तानी भएको तीन ग्रेडको रकम असुल हुनुपर्ने रु. — बेरुजू रकम: ५७१६६

| पद | कर्मचारीको नाम | पाउने रकम | बढी भुक्तानी रकम | क.स. कोष थप | जम्मा भुक्तानी रकम | सा.सु. कर कट्टी | खुद असुल रकम |
|---|---|---|---|---|---|---|---|

कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ औ तह | नगेन्द्र मणी श्रेष्ठ | ४३१८८ | ५२४९४ | ५२४९ | ५७७४३ | ५७७ | ५७१६६ |

९. **दिवा खाजाः** कार्यक्रम कार्यान्बियन पुस्तिका २०७६।०७७ अनुसार तोकिएको खास क्षेत्र तथा अति सिमान्तकृत लोपोन्मुख जातजातीका (लक्षीत समुहका) बालबालिकाहरु एवं जिल्लाका बिद्यार्थीको लागी दिवा खाजा उपलब्ध गराउन बिद्यालयहरुलाई अनुदान शिर्षकबाट बिद्यालयहरुको खातामा रु. ११०६६०६ निकाशा दिएकोमा दिवा खाजा प्राप्त गर्ने बिद्यार्थीको संख्या, बिद्यार्थी हाजिरी, प्रगति प्रतिबेदन, अनुगमन प्रतिबेदन र बिद्यालय खातामा निकासा भएको रकम र बिद्यार्थीहरुको रिजल्ट सिट शिक्षा शाखाबाट भिडाएको प्रमाण पेश हुनुपर्ने रु. ११०६६०६

| गो.भौ.नं. | बिद्यालयको नाम७२६ | रकब | कैफियत |
|---|---|---|---|
| ७२६ | मार्गेश्वरी प्राथमिक बिद्यालय | १९६५६७ | ८२ जना बिद्यार्थी प्ले ग्रुप देखि ५ सम्म |
| ९५५ | चतुर्भूज प्राथमिक बिद्यालय | ४९२३५ | (२०७६ फागुन देखि असार सम्म लागु हुने) १८ जना बिद्यार्थी |
| ९५६ | त्रिवेणी माध्यमिक बिद्यालय | २१५८०४ | (२०७६ फागुन देखि असार सम्म लागु हुने) १९९ जना बिद्यार्थी |
| /७६ | देउराली माध्यमिक बिद्यालय | ५००००० | कक्षा १ देखि ५ सम्म जम्मा ७९ जना बिद्यार्थी |
| 843 | कन्यादेवि आ बि | ५५००० | |
| ८९३ | बालकल्याण प्रा बि | ९०००० | |
| जम्मा | | ११०६६०६ | |

साथै २०७६ चैत्र ११ देखि कोभिड १९ को प्रकोपको कारण मुलुकभर लकडाउन भएकोले बिद्यालयको पठनपाठन बन्द रहेको अवधीको दिवा खाजा वापतको रकम सम्बन्धित बिद्यालयबाट फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्दछ ।

८.१ कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ बमोजिम कर्णाली अञ्चलका मुगु, डोल्पा ,जुम्ला, हुम्ला र कालिकोट जिल्लका स्थानीय तहका सामुदायिक बिद्यालयका कक्षा १ देखि ५ सम्मका बिद्यार्थीलाई प्रति बिद्यार्थी रु.२० र अन्य जिल्लाका स्थानीय तहले प्रति बिद्यार्थी दैनिक रु.१५ का दरले १८० दिनका लागि दिवा खाजा कार्यक्रमको रकम अनुदान निकासा दिने उल्लेख छ। यस नगरपालिकामा रहेको सिंहदेवी प्राथमिक बिद्यालयलाई गो भौ नं ८९५ मा दिवा खाजा वापतको रकम रु.७३८६५ भुक्तानी भएकोमा प्रतिदिन रु.१५ का दरले २७ जना बिद्यार्थीहरुलाई कुल ३७८२ दिनको रु.५६७३० भुक्तानी हुनुपर्नेमा बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु. १७१३५

१०. **भुक्तानीमा कर**- आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. ४०४१

| गो भौ नं | आपूर्तक वा व्यक्ति | कर योग्य आय | कर रकम |
|---|---|---|---|
| ९१६ | आधारभूत बिद्यालय उत्तरपानी | १९००० | १९०० |
| १५६ | जाल्पादेबि टोल बस्ती संगठन | १४२७३३ | २१४१ |
| जम्मा | | | ४०४१ |

११. **वितरणमुखी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा बृद्वि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्छ । पालिकाले बिभिन्न संघ संस्था, समुह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा आर्थिक सहायता उपलब्ध गराएको छ । । यस्ता संस्था, समुह, पर्व, जात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यवस्था समेत

कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | देखिदैन । पालिकाले वितरणमुखी कार्यमा खर्च गरेको केही उदाहरण निम्नानुसार छः | |

| गो भौ नं | विवरण | रकम |
|---|---|---|
| ५० | तीज विषेश कार्यक्रम | ९१६०५ |
| १४९ | नेपाल आदिवासी पत्रकार महासंघलाई कार्यक्रम खर्च भुक्तानी | १५७१२ |
| २५५ | खेलकुद प्रतियोगिता वडा नं ९ | ४४४६२ |
| ४८३ | मधुमेही समाज नेपाललाई मधुमेह सम्वन्धी अन्तरकृया कार्यक्रमको लागि भुक्तानी | २४०८१ |
| ४९५ | त्रिपाल खरिद तथा वितरण वडा नं ५ | ४६७८७ |
| ४९८ | ज्येष्ठ नागरिक उपसमितिलाईज्येष्ठ नागरिक भ्रमण वापत रकम भुक्तानी | ५५९९० |
| ६८२ | मार्गदिवी मिसा खललाई गाईजात्राको खर्च भुक्तानी | २४०१३ |
| ५७४ | अल्जाईमर्स सेवा समाज नेपाललाई कार्यक्रम खर्च भुक्तानी | २३८२७ |
| ६७४ | किँरात आठपहरिया राई समाजलाई खेलकुद सम्बन्धी खर्च भुक्तानी | ३९४०० |
| | फुटबल प्रशिक्षक तालिक वापत किँरात आठपहरिया राई समाजलाई भुक्तानी | ४९०१० |
| ६५२ | किँरात आठपहरिया राई समाजलाई फुटबल प्रतियोगिताको खर्च भुक्तानी | ९८४०२ |
| ६७८ | ज्येष्ठ नागरिक संघ धनकुटालाई विभिन्न खर्च भुक्तानी | ७२३१० |
| ६८९ | ज्येष्ठ नागरिक संघ धनकुटालाई विभिन्न खर्च भुक्तानी | ७३८१४ |
| ६८० | स्वास्थ्य अनुशिक्षण कार्यक्रम वापत वितरक संघ नेपाललाई भुक्तानी | ९३१०९ |
| ६६८ | नेवाः पुचलाई धिमे वाजा प्रशिक्षण कार्यक्रमको लागि भुक्तानी | ३९२७४ |
| ८२९ | The seventh club लाई भुक्तानी | १९६३१ |
| १०५० | विभिन्न वडामा खेलकुद सामाग्री खरिद तथा वितरण | ५८१७२ |
| १०५१ | बालबालिकाको भरण पोषण कार्यक्रम वापत मदन आश्रित प्रतिष्ठानलाई भुक्तानी | १०७१३९ |
| २२ | बंगुरको पाठा वितरण कार्यक्रमको लागि दलित एकता संजाललाई भुक्तानी | ४९१०० |
| २४ | मार्गदिवी टोललाई साउण्ड सिस्टम प्रदान | १७३७६१ |
| ३३ | लेकाली क्राफ्टलाई विभिन्न सामाग्री हस्तान्तरण | २३६७५५ |
| | **पुजीगत तर्फः** | |
| १४ | धनकुटा बास्केटबल क्लवलाई खेल सामाग्री तथा प्रशिक्षण कार्यक्रम वापत भुक्तानी | १००००० |
| १५ | जनचेतनामुलक कार्यक्रमको लागि मिशन मुस्कान पर्यटन प्रवर्दन धनकुटालाई भुक्तानी | ५०००० |
| १६ | शुभकामना तथा दर खाने कार्यक्रमको लागि धनकुटा महिला बचत तथा ऋण सहकारी संस्थालाई भुक्तानी | ५०००० |
| १९ | त्रिवेणी नाट्य तथा नृत्य सेन्टरलाई भुक्तानी | १५०००० |
| २२ | मातृका तिवारीलाई गत वर्षको अध्ययन भ्रमण खर्च | २००००० |
| २४ | शहिद रामकृष्ण स्मृति प्रतिष्ठान | ५०००० |
| २६ | हिले खाना महोत्सव | २००००० |
| २८ | धनकुटा साप्ताहिक तथा युगको समाचारलाई आर्थिक सहायता | १००००० |
| ३१ | साँस्कृतिक प्रवर्द्धनको लागि वौद्धिक विकास समाजलाई भुक्तानी | ५०००० |
| ३५ | नेवा डेथ दवु प्रदेश १ कार्य समिति | ५०००० |
| ३९ | अन्तराष्ट्रिय युवा दिवसको लागि नगर युवा संजाललाई भुक्तानी | १००००० |
| ४० | माटो शिविर सञ्चालनको लागि अर्गानिक तरकारी उत्पादन तथा कृषि पर्यटन सहकारीलाई भुक्तानी | ६०००० |
| ४१ | तिज कार्यक्रमको लागि अन्तर पार्टी महिला संजाललाई भुक्तानी | ५०००० |
| ४३ | नेपाल तामाङ्ग घेदुङ जि स स लाई भुक्तानी | १३२००० |
| ४४ | Miss tamang 2019 grand finale को लागि नेपाल तामाङ्ग घेदुङ जि स स लाई भुक्तानी | ४००००० |
| ५० | आधारभुत सहकारी तालिमको लागि जिल्ला सहकारी संघलाई भुक्तानी | ५०००० |
| ५१ | बक्रतुण्ड पन्चेश्वर महादेव धार्मिक तथा पर्यटन विकास समिति | ५०००० |
| ५३ | Miss tamang 2019कार्यक्रमको लागिनेपाल तामाङ्ग घेदुङ जि स स लाई भुक्तानी | १००००० |
| ६१ | राधा राई फलफुल विरुवा नर्सरी फर्म | २५००० |
| ६३ | जिवन आधार कृषि सहकारी संस्थालाई चिस्यान मेसिन खरिद अनुदान | २००००० |
| ६८ | रमाईलो घुम्ति टोल बस्ति वडा नं ७ | ७०००० |
| ७० | बाध्य बादन खरिदको लागि युनिक युवा क्लवलाई भुक्तानी | २५०००० |

कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | | | बेरुजू रकम |
|---|---|---|---|---|
| | ७१ | सुपथ मुल्य पसल सञ्चालनको लागि त्रिवेणी कृषि उपभोक्ता सहकारी सुस्थालाई अनुदान | १५०००० | |
| | ८१ | सिप विकास तालिमको लागि धनकुटा उद्योग वाणिज्य संघलाई भुक्तानी | १००००० | |
| | ८४ | कर शिक्षा तालिमको लागि धनकुटा उद्योग वाणिज्य संघलाई भुक्तानी | ५०००० | |
| | १०३ | मार्गदिवी मन्दिर संरक्षण विकास समिति | ८०००० | |
| | १०४ | आठपहरिया भेषभुषा खरिदको लागि पुजारी टोल बस्तिलाई भुक्तानी | १००००० | |
| | १११ | खेलकुद प्रतियोगिताको लागि निशानादेवी ब्याडमिन्टन क्लवलाई भुक्तानी | २००००० | |
| | ११५ | महिला पुनस्थापना सेवा केन्द्र | ३३००० | |
| | १२१ | वृक्षारोपण कार्यको लागि सार्वजनिक गिदेडाँडा सागर दुर्सा समूहलाई भुक्तानी | ७८००० | |
| | १२४ | माईदेवी कृषि फर्मलाई अनुदान | ५००००० | |
| | १२९ | वृत्तचित्र निर्माणको लागि हिम शिखर मिडिया प्रा लि लाई भुक्तानी | ८२५०० | |
| | १३० | साँस्कृतिक कार्यक्रमको लागि नेपाल तामाङ्ग घेदुङ संघ पाखिवासलाई भुक्तानी | ३०००० | |
| | १३५ | साँस्कृतिक संरक्षण कार्यक्रमको लागि **the seventh youth club** लाई भुक्तानी | ४०००० | |
| | १३७ | देउराली युवा क्लवको लागि सामाग्री खरिद | १००००० | |
| | १४९ | शहिद रामकृष्ण स्मृति प्रतिष्ठानलाई अनुदान | १००००० | |
| | १५७ | हिले फुटबल क्लवको लागि सञ्चालन खर्च | ६६००० | |
| | १६० | आठपहरिया किराँत समाज नेपाललाई साँस्कृतिक पहिचान कार्यक्रमको लागि भुक्तानी | ५०००० | |
| | १६२ | हिले ब्याडमिन्टन क्लवलाई सञ्चालन खर्च | १००००० | |
| | १६३ | दुर्लभ फोटो प्रदर्शनीको लागि **the seventh youth club**लाई भुक्तानी | १५०००० | |
| | १७४ | सृजनशिल साँस्कृतिक समूहलाई वृक्षारोपण खर्च | ५२००० | |
| | १७६ | हिले ब्याडमिन्टन क्लवलाई साँस्कृतिक खर्च | १००००० | |
| | १७७ | दिगो विकास तथा आर्थिक समृद्धि कार्यक्रमको लागि निशान उदयीमान महिला बचत तथा ऋण सहकारी संस्थालाई भुक्तानी | ५०००० | |
| | १८० | हिले ब्याडमिन्टन क्लवलाई साँस्कृतिक साँझ कार्यक्रम खर्च | ३५०००० | |
| | १८९ | सुनौलो कृषि सहकारी संस्थालाई कार्यालय सञ्चालन खर्च | १००००० | |
| | १९३ | चिउरीवारी फलफुल विरुवा नर्सरीलाई ८ हजार एभोकाडो विरुवा उपलब्ध | ४६८००० | |
| | २१० | मातृभुमि महिला समाजलाई दर खाने कार्यक्रम खर्च | ५०००० | |
| | २१७ | फिरफिरे चौतारा कृषक समूहलाई वोयर बोका खरिद | १००००० | |
| | २१८ | ओक्मालुङ्ग युवा क्लवको लागि सामान खरिद | ५०००० | |
| | २२२ | हिले ब्याटमिन्टन क्लवलाई खेलकुद कार्यक्रम खर्च | २००००० | |
| | २३४ | नेपाल आदिवासी जनजाति पत्रकार महासंघलाई साँस्कृतिक कार्यक्रम खर्च | १००००० | |
| | २२६ | निवृत्त राष्ट्रसेवक समाज नेपाललाई अन्तरक्रिया कार्यक्रमको खर्च | ५०००० | |
| | २४४ | सामुदायिक मेलमिलापकर्ता समाज नेपालको अधिवेसन खर्च | ४०००० | |
| | २४९ | हिले फुटवल क्लवलाई खेलकुद प्रतियोगिता खर्च | २००००० | |
| | २७२ | हिले फुटवल क्लवलाई खेलकुद प्रतियोगिता खर्च | ५०००० | |
| | २५६ | महिला पुनस्थापना सेवा केन्द्रको कार्यक्रम सञ्चालन खर्च भुक्तानी | ७५००० | |
| | २८६ | कालापानी महिला कृषक समूहलाई वंगुरपालन अनुदान | १००००० | |
| | २८८ | किराँत आठपहरिया समाज नेपाललाई छात्रवृत्ति प्रदान | ४०००० | |
| | २९६ | हाङचुवा कृषक समूहलाई कृषि औजार खरिद | ५०००० | |
| | २६० | सचेतना कार्यक्रमको लागि पारालिगल सहयोग समितिलाई भुक्तानि | ६०००० | |
| | २६२ | चन्द्र सुर्य भजन कृतन समूह | ५०००० | |
| | २७२ | धनकुटा निशुल्क स्वास्थ्य शिविरको खाना खर्च | २००००० | |
| | २८० | मेयर कप खेलकुद प्रतियोगिता | २२५००० | |
| | २८३ | मार्गदिवी कृषक समूहलाई अनुदान | ५०००० | |
| | ३०८ | जेष्ठ नागरिक उप समितिलाई खाना खाजा खर्च | १००००० | |
| | ३१६ | किराँत आठपहरिया समाज नेपाललाई महिला गोल्डकप आयोजना वापतको खर्च भुक्तानी | ४३२००० | |
| | ३२३ | हिले फुटबल क्लवलाई खेलकुद सामाग्री खरिद | १५०००० | |
| | ३२५ | नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वयलाई अवलोकन भ्रमण खर्च भुक्तानी | १००००० | |

कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| ३३७ | किराँत राई याथोक्खालाई साँस्कृतिक प्रवर्द्धनको लागि भुक्तानी | १००००० |
| ३३८ | राजेन्द्र स्मृति युवा क्लवलाई भलिवल खेलको खर्च भुक्तानी | ५०००० |
| ४५० | नेपाल तामाङ्ग घेदुङ ९ को लागि भेषभुषा खरिद | १००००० |
| ४५८ | करुणा बंगुर फर्मलाई अनुदान | १००००० |
| ४६४ | राईजिङ युवा क्लवलाई कृषि तालिमको लागि भुक्तानी | ७०००० |
| ४६८ | नेपाल आदिवासि जनजाति पत्रकार महासंघलाई साँस्कृतिक प्रवर्द्धनको लागि खर्च | १००००० |
| ४६९ | अन्तरकृया कार्यक्रमको लागि अन्तरपार्टी महिला संजाललाई भुक्तानी | ५०००० |
| ४७४ | देउराली युवा क्लवलाई खेलकुद सामाग्री खरिद | ५०००० |
| ४८५ | मानव अधिकारको लागि एकल महिला समूहलाई तालिम कार्यक्रम खर्च | १००००० |
| ५४९ | जेष्ठ नागरिक जिल्ला संघ धनकुटालाई आन्तरिक भ्रमण खर्च भुक्तानी | २००००० |
| ६१८ | स्वावलम्वि अर्ध व्यवसायिक कृषक समूहलाई १३ थान स्प्रे टयाङ्कि खरिद | १००००० |
| ६३४ | बोयर बोका खरिदको लागि मिन बहादुर थापालाई भुक्तानी | १००००० |
| ६४१ | न्यायमा पहुँच व्यवस्थापन कार्यक्रमको लागि महिला पुनस्थापना सेवा केन्द्रलाई भुक्तानी | १००००० |
| ६४७ | पहाडी फलफुल तथा तरकारी उत्पादन कृषक समूहलाई किविको विरुवा खरिद | २००००० |
| ६७२ | निगाले कृषि तथा पशुपालन समूह | १५०००० |
| ६७६ | विभिन्न वडामा जस्तापाता वितरण | २५६०८० |
| ७०३ | नेपाल रेडक्रस सोसाईटीको जिल्ला अधिवेसन खर्च | १००००० |
| ७४७ | लग्भा टोलबस्ति संगठनलाई वोयर वोका खरिद अनुदान | ३००००० |
| ७८३ | धनकुटा उद्योग वाणिज्य संघको संचालन तथा व्यवस्थापन खर्च | २००००० |
| ७८५ | युसेन देछेन छोलिङ्ग गुम्वाको संचालन तथा व्यवस्थापन खर्च | १३०००० |
| ७८९ | जलवायु परिवर्तन अनुकुलन सम्बन्धी अन्तरक्रिया कार्यक्रम | ४२३७५ |
| ८४१ | नेपाल मिडिया फाउन्डेसन प्रा लि लाई बालमैत्री नगरपालिका घोषणा कार्यक्रम संचालन वापत भुक्तानी | २००००० |
| जम्मा | | १२३२३३०९ |

यस प्रकारका बितरणमुखी खर्चलाई पालिकाले नियन्त्रण गर्नुपर्दछ ।

१२. **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले यो वर्ष बिभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.११३७२८५१आर्थिक सहायता वितरण गरेको पाइयो । नगरपालिकाले बितरण गरेको आर्थिक सहायताको उदाहरण निम्नानुसार रहेको छ ।

| गो भौ नं | सम्बन्धित व्यक्ति तथा संस्था | प्रयोजन | रकम |
|---|---|---|---|
| ६३ | मन कुमार लिम्बु | उपचार खर्च | १५००० |
| ६७ | बोधराज ढुङ्गाना | उपचार खर्च | १२००० |
| १०४ | प्रेम राई | उपचार खर्च | १५००० |
| १४५ | रोहित सिंजाली | उपचार खर्च | २०००० |
| २५७ | तोयानाथ निरौला | आगलागि क्षतिको लागि राहत | २०००० |
| ३९३ | बेमु राई | उपचार खर्च | २५००० |
| जम्मा | | | १०७००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१३. **गैरसरकारी संस्थाबाट कामः** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धमा भएको व्यवस्थामा सार्वजनिक निकायले १० लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको र कार्यालयको मौजुदा सुचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रियस्तरको वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सुचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने र न्युनतम

कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष —
२०७६-०७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी गैरसरकारी संस्थाबाट काम गराउनुपर्ने उल्लेख छ । नगरपालिकाले सो कार्यबिधि पुरा नगरी सोझै वार्ता मार्फत गैरसरकारी संस्थाबाट कार्य गराएको देखिन्छ । यसरी गैरसरकारी संस्थाबाट कार्यक्रम तथा तालिम सञ्चालन भएकोमा कार्यालयले उक्त तालिम तथा कार्यक्रमको लक्ष्य र उपलब्धीको प्रभाव मुल्याङ्कन गर्नुपर्ने, तालिम पछि जनशक्तिमा आएको गुणात्मक अभिबृद्धि समेत मुल्याङ्कन गरी तालिम कार्यक्रमको समिक्षा गर्नुपर्दछ । कार्यालयले बिभिन्न सीपमूलक तालिम तथा मालसामान खरिद समेत गैरसरकारी संस्था मार्फत गर्नु भन्दा ब्यवसायिक र सीपमूलक तालिम दिने संस्था मार्फत गर्दा मितब्ययी र प्रभावकारी हुने देखिन्छ । अतः ऐन नियमको कार्यबिधि पुरा गरी खर्च गर्नुपर्दछ । यसका केही उदाहरण यस प्रकार छन् । | |

| गो भौ नं | गैर सरकारी संस्था | कार्यक्रम तथा प्रयोजन | रकम |
|---|---|---|---|
| ४८३ | मधुमेही समाज नेपाल | मधुमेह रोग सम्बन्धी अन्तरक्रिया कार्यक्रम | २४०८१ |
| ६८७ | संयुक्त महिला संघ | महिलाहरुलाई पोते बनाउने सम्बन्धी तालिम | ३७४६० |
| ८०९ | दलित एकता सञ्जाल नेपाल | दलितहरुको लागि सीपमुलक तालिम | ४८८२५ |
| ९३० | दलित उत्थान समूह | दलित लक्षित कार्यक्रम | ४९६६२ |
| ९३५ | महिला क्लव | बुट्टा टिप्ने सम्बन्धी तालिम | ४०२०७ |
| ८७१ | दिपज्योति ट्रेनिङ्ग एण्ड रिसर्च कम्पनी प्रा.लि. | कृषि सम्बन्धी तालिम | ४६३८४ |
| जम्मा | | | २४६६१९ |

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १४. | **खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यालयले आन्तरिक आयको परीधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फ मात्र रु.२९६२८२३खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १५. | **बिल भरपाईः** आर्थिक कर्यविधि नियमावली २०६४ को नियम ३६(८) मा कार्यालयले कुनै रकमको भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने ब्यवस्था छ।कार्यालयले गो भौ नं ११०८/०७७/३/३१ बाट विभिन्न शाखा प्रमुखहरुलाई संचार खर्च वापत रु.३१२००० भुक्तानी गर्दा विल भरपाई संलग्न गरेको पाइएन । यसरी बिल भरपाई वेगर भएको खर्चको बिल भरपाई भुक्तानी गर्दाको विल भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३१२००० |
| | **पूँजीगत तर्फ** | |
| १६. | **रोयल्टी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार सार्वजनिक निर्माण कार्य गर्दा नेपाल सरकारद्धारा स्वीकृत नम्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । नगरपालिकाले देहायका उपभोक्ता समिति मार्फत भएका निर्माण कार्य अन्तर्गत stone masonry, stone soiling, stone packing for gabion कार्यमा ढुंगामा प्रति घन मिटर रु ५५० रोयल्टी थप गरी दर बिश्लेषण भएकोमा उक्त रोयल्टी रकम स्थानीय निकायमा बुझाएको भौचर पेश नभएकोले उक्त भौचर पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ७९०५११ |

| गो.भौ.नं. | उपभोक्ता समितिको नाम | परिमाण | रकम |
|---|---|---|---|
| १८ | देउराली चुलीवन सडक उ.स. | ८९.३२ | ४९१२६ |
| ४२ | देवान टार टोल बस्ति संगठन | ८९.४१ | ४९१७५ |
| ४६ | बिश्वकर्म टोल बस्ति संगठन | ९८.८ | ५३७९० |
| ४४ | टुढीखेल प्यारापेट निर्माण उ.स. | २७.३८६ | १५००७ |
| ५३ | श्री रत्न षडेश्वर मन्दिर उ.स. | ३०.९० | १६९९५ |

कार्यालयः— धनकुटा नगरपालिका,धनकुटा आर्थिक बर्ष — २०७६-०७७

| दफा | लेखापरीक्षणबाट देखिएको ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ५४ | तमोरभ्याली देखि देउराली टोल सम्मको सडक नि.उ.स. | ४५.५६ | २५०५८ |
| ५५ | जेष्ठ नागरिक मिलन चौतारा देखि निर्वाचन चौतारा सम्म स.नि.उ.स. | १०३.२ | ५६७६० |
| ५७ | निवुवा खोला दाहाल चौतारा मधुगंगा सेवा केन्द्र सडक उ.स. | ११२ | ६१६०० |
| ५८ | षडेश्वर चिया बगान घट्टेखोला युवा जागरण ग्रा सडक उ.स. | ७३.४३ | ४०३८७ |
| ६४ | भोटे चौतारा गणेश मन्दिर स्याउले कृषि सडक उ.स. | ६६.४९ | ३६५६९ |
| ६५ | फोक्मिम लेङ्गसुवा मार्गथान उ.स. | २९.०८ | १५९९४ |
| ७५ | सिनेमा हल गोकुण्डेखोला सडक स्तरोन्नती उ.स. | ६५.११ | ३५८१० |
| ७६ | सल्लेरी बाधेखोला मुल सडक उ.स. | १५७.७६ | ८६७६८ |
| ७८ | कर्मिटार देखि सशस्त्र गुल्म सम्मको सडक उ.स. | ४४९.९५ | २४७४७२ |
| जम्मा | | | ७९०५११ |

